नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

# जग्गा प्राप्ती सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५।०९।२३

गुल्मी जिल्लाको विद्युत आपूर्तिलाई गुणस्तरीय र भरपर्दो बनाउनको लागि गुल्मी जिल्लाको मुसिकोट नगरपालीका वडा नं. १ साविक पौदीअमराई गा.वि.स. वडा नं. २ स्थित अरेवा धारामा करिब २ हेक्टर जग्गा खरिद गरि उक्त जग्गामा सवस्टेशन निर्माण कार्य सम्पन्न गरि त्यसलाई राष्ट्रिय ग्रिडमा जोड्ने कार्यक्रम रहेको छ । उक्त सव स्टेशन निर्माण गर्नको लागि आवश्यक जग्गा गुल्मी जिल्लाको तपसिल बमोजिमका स्थानमा आवश्यक पर्ने भएकाले देहाय वमोजिमका जग्गा स्थायी रुपमा प्राप्त गर्न बुर्तिवाङ्ग–पौडी अमराई तम्धास– सन्धीखर्क– गोरुसिङ्गे – १३२ के.भी. प्रशारण लाईन आयोजना,नेपाल बिद्युत प्राधिकरणको लागि, जग्गा प्राप्ती ऐन २०३४ बमोजिम प्रारम्भिक कारवाही चलाउनको लागि नेपाल सरकारको निर्णय बमोजिम जग्गा प्राप्ती ऐन,२०३४ को दफा ९ उपदफा १ प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । जग्गा प्राप्ती ऐन बमोजिम सूचना प्रकाशित गरिएको मितिले ७ (सात) दिन भित्र सरोकारवाला व्यक्तिले घर टहरा भए सो समेतको मुआब्जा द्बावी गर्न आ-आफ्नो हकदैया वा भोगचलन सम्बन्धित सबूद, निस्सा तथा प्रमाण सहित रीत पूर्वक निवेदन यस कार्यालयमा दिनु हुन सूचित गरिएको छ । तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम हुने समेत जानकारि गराइन्छ ।

अधिग्रहण गर्नु पर्ने जग्गाको विवरण गुल्मी जिल्लाको मुसिकोट न.पा. वडा नं. १, पौदीमराई स्थित अरेवा धारा (साविक पौदीअमराई गा.वि.स. वडा नं. २)

| सि.न. | साबिकको वडा नं. | कित्ता नं. | जम्मा क्षेत्रफल | अधिग्रहण गर्न चाहेको जग्गा | | जग्गा धनीको नाम ,थर | बाबुको नाम | बाजेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क्षेत्रफल ( वर्गमिटर) | तर्फ | | | | |
| १ | २ | १८७ | ६-१-३-१ | ६-१-३-१ | | बुद्ध चालिसे | भोलानाथ | पतिराम | |
| २ | २ | १८४<br>२२७ | २-१३-३-३<br>५-२-०-१ | ८-०-०-० | | लिलाधर चालिसे | हरिलाल | भक्त | |
| ३ | २ | १८८ | ४-१५-३-२ | ४-१५-३-२ | | सानुनारायण गिरी | भिमलाल | भिमसेन | |
| ४ | २ | १७९<br>७३६ | १-३-०-३<br>२-५-०-० | ३-८-०-३ | | झवे दमाई | तेजविर | नरे | |
| ५ | २ | ७३७ | २-१४-०-० | २-१४-०-० | | विष्णुप्रसाद चालिसे | धनेश्वर | नरिश्वर | |
| ६ | २ | ९३२<br>१८५<br>९३७ | ३-१-०-१<br>०-१४-३-१<br>०-१०-०-१ | ४-९-३-३ | | गणेश गिरी | श्यामलाल | जिवलाल | |
| ७ | २ | ९३१<br>९३३<br>९३६ | ३-१-०-१<br>०-१२-०-०<br>१-६-०-० | ५-३-०-१ | | टिका गिरी | श्यामलाल | जिवलाल | |
| ८ | २ | १८१ | ६-१५-०-० | | | | | | जग्गाधनीको नाम प्राप्त नभएको |
| ९ | २ | १८२ | २-१२-०-० | | | | | | |

(लक्ष्मण पाण्डे)
प्रशासकीय अधिकृत